"Green Sharada, Clean Sharada"

# आ.व. २०८२।०८३ का लागि नगर सभाको १७ औं अधिवेशनमा प्रस्तुत

# नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता :- प्रमुख श्री प्रकाश भण्डारी

२०८२ आषाढ ०४ गते

"Green Sharada, Clean Sharada"

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय सम्मानित नगर सभाका सदस्यज्यूहरु ,**

**यहाँ उपस्थित कर्मचारी लगायत अन्य महानुभावहरु !!**

सर्वप्रथम,

शारदा नगरपालिकाको आ.ब. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने यो गरिमामय नगरसभाको १७ औं अधिवेशनमा म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना लगायत नेपालका राजनैतिक परिवर्तनको प्रमुख आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाईते हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । राजनैतिक आन्दोलनमा वेपत्ता हुनपुगेका र वेपत्ता पारिएका नागरिकहरुको खोजी तथा सार्वजनिक गर्न तदारुकता देखाउन संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु ।
नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा संघीयता संस्थागत भएको छ । संविधानले परिकल्पना गरेका तीनै तह संघ, प्रदेश र स्थानीयतहका दोस्रो निर्वाचन सम्पन्न भएको तिन वर्षको समय व्यतित भईसकेको छ । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशील हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिकहकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारहरुका दायित्वका रुपमा रहेका छन् । राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक संवृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौं ।

अबको हाम्रो गन्तव्य गरिवी  निवारणका लागि आर्थिक संवृद्धि, सुशासन प्रवर्द्धन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको नगर सभाको शुभारम्भ सत्रमा प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथि लगायत सबै महानुभावहरुमा आभार प्रकट गर्न चाहन्छु ।

जिल्लाको सदरमुकामको रुपमा रहेको यो नगरपालिका भौगोलिक रुपमा सबै स्थानमा पुग्न अझै पनि कठिन छ ।  विभिन्न जातजातिको मिश्रित बसोबास रहेको यस नगरपालिकामा क्षेत्री, दशनामी, दलित, ठकुरी, आदिबासी जनजाति र बाहुन जातिको बाहुल्यता रहेको छ । जाति अनुसार फरक फरक संस्कृति, भेषभुषा र परम्परागत सम्पदाहरु रहेका छन् । यी हाम्रा नगरपालिकाका सम्पत्ति हुन् भन्ने मेरो बुझाई छ । यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो । नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु सबै नगरबासी समक्ष पुऱ्याउनु हाम्रो प्रमुख दायित्व हो । तथ्य, तर्क र कानुनका आधारमा नगरबासीका जायज कुराहरुको सम्बोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको साथै लोकप्रियताका लागि मात्र नभई जनताका लागि आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र नगरपालिका र जनप्रतिनिधीहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने मेरो ठम्याई छ ।

वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय तहहरुले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । नगरपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरि अर्पूण नीति र कानूनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माणमा प्राथमिकता दिनु पर्दछ । नगरपालिकाका संस्थागत संरचनालाई सक्षम र कार्यमूलक बनाउनका साथै संरचनाहरुको कार्य प्रकृती, प्रदान गर्नु पर्ने सेवा र अवस्थितिको सही विश्लेषण गर्न सक्नु पर्दछ । साथै जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं

परिचालन गर्न वृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता मैले देखेको छु । नगरपालिका भित्र उपलब्ध तर प्रयोग विहीन र कम प्रयोग भएका स्रोत र साधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनु पर्दछ ।

शारदा नगरपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उद्योग, पर्यटन, जलस्रोत, व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । नगरलाई कृषिमा आत्मनिर्भर बनाउन, किसानका समस्या सम्बोधन गर्न तथा कृषि उत्पादनलाई बढावा दिन हरेक वडामा कृषि तथा पशु सेवा प्राविधिक खटाइएको छ । कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गर्नुका साथै प्रत्येक वडाको विकट बस्तीमा बाली तथा पशुपञ्छी उपचार केन्द्र सञ्चालनको शुरुवात गरिएको छ । यसै आर्थिक वर्षबाट पञ्चवर्षीय कृषि रणनीतिक गुरुयोजना कार्यान्वयनमा ल्याईएको छ ।

पर्यटन उद्योग मार्फत नगरपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर, भाषा र संस्कृतिको संरक्षण सम्वर्धन गर्नुका साथै शहरीकरणका लागि आवश्यक पूर्वाधारको क्रमश: निर्माण तथा व्यवस्थापन गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, इन्टरनेट र वैंकिग क्षेत्रमा नगरबासीको सहज पहुँचमा महत्व दिनु आवश्यक सम्झेको छु । फोहर मैलाको उचित व्यवस्थापनको प्रबन्ध मिलाईएको छ । शारदा वासीलाई खानेपानीकोको सहज पहुँचका लागि करिब १०९ करोडको बजेटमा खानेपानी योजना निर्माणको कार्यको थालनी भैसकेको छ ।

स्थानीय सरकार आम जनताको नजिकको ढोकाको सरकार (Government of door) हो । यही मूलमर्मलाई ध्यानमा राखी अशक्त अपाङ्ग एवम् जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता उहाँहरुकै वडा वडामा वितरण गरिदै आएको छ । यसै गरेर जेष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य परीक्षण एवम् औषधि उपचारको व्यवस्था गरिएको छ । ग्रामीण अल्ट्रासाउण्ड सबै वडामा संचालन गरिएको छ । वडाबाटै भूमि कर, विद्युत महशुल तिर्ने व्यवस्था मिलाईएको छ । शिक्षा क्षेत्रको विकास नभै नगरबासीको उत्थान हुन नसक्ने भएकाले नगरपालिका भित्र रहेका विद्यालयहरुमा रिक्त शिक्षक दरवन्दी मिलान तथा पदपूर्ती गर्ने, विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरु एक आपसमा समायोजन गर्दै जाने, विद्यालयको भौतिक संरचनामा सुधार गर्ने, सबै विद्यालयमा क्रमश: इन्टरनेटको सुविधा पुऱ्याउने कार्य विशेष प्राथमिकतामा छ । नगरका सबै विद्यालयमा विज्ञ सहितको टिमले अनुगमन तथा कक्षा ५ र ८ मा एकीकृत परीक्षा प्रणाली लागु गरिएको छ । अनाथ असहाय तथा गरिब जेहान्दार विद्यार्थीका लागि आवास सहितको पठन पाठन व्यवस्था मिलाईएको छ । यस आर्थिक वर्षमा टिनको छाना जीर्ण भएका विद्यालयमा नयाँ टिनको छाना परिवर्तन गर्ने, खानेपानीको व्यवस्थापन तथा शौचालय निर्माण र मर्मत गर्ने नीति अवलम्बन गरिनेछ । बालबालिकाले विद्यालय छाड्ने कारणको अनुसन्धान गरी सुधार कार्यक्रम सञ्चालन गर्ने र बालमैत्री नगरपालिकाको विकास गर्न अन्य साझेदार निकायसँग हातेमालो गरी शैक्षिक तथा बालबालिकाको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने छ ।

सहज सार्वजनिक यातायात सञ्चालनको लागि यसै आर्थिक वर्षमा श्रीनगरमा आधुनिक बस पार्कको निर्माण कार्य सम्पन्न भएको छ । व्यवस्थित अटो भिलेज स्थापना गरि संचालनमा आएको छ । नगर उज्यालो कार्यक्रम अन्तर्गत नगरपालिका भरी रहेका सोलार तथा हाईमस्ट लाईटको निरन्तर मर्मत सम्भार गरिएको छ । वैज्ञानिक जग्गाको वर्गीकरण प्रणालीको शुरुवात गरिएको छ । त्यसै गरी नागरिकता प्रमाणपत्रको निशुल्क सिफारिसलाई निरन्तरता दिइने व्यवस्था मिलाईएको छ । छरिएर रहेका बस्ती, कृषि योग्य भूमिको अन्य प्रयोजनमा बढ्दो प्रयोग, अनियन्त्रित खण्डीकरण, कृषि उत्पादनमा ह्रास, खाद्य सुरक्षामा प्रतिकूल प्रभाव, वन क्षेत्रको अतिक्रमण र खुल्ला स्थानको अभाव जस्ता समस्या भूमि व्यवस्थापनमा रहेको छ । त्यसको समाधान र व्यवस्थित विकासका लागि बनाइएको भूउपयोग योजना तथा जग्गा खण्डीकरण/प्लटिङ्ग अनुमती तथा सिफारिश सम्बन्धी कार्यविधिलाई प्रभावकारी कार्यान्वयन गर्न सबैको सहयोग र सहकार्यको आवश्यकता रहेको छ । यसैमा आधारित रहेर मैले नगरपालिकाको आगामी आ.व.

"Green Sharada, Clean Sharada" २०८२/०८३ को नीति तथा कार्यक्रम तयार पारी नगर कार्यपालिकाको बैठकबाट पारित गराई आजको गरिमामय नगरसभा समक्ष पेश गरेको छु ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

**नगरपालिकाको समग्र विकास र समृद्दिका लागि तपसीलका अवसरहरु रहेका छन् ।**

१. कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिक खेती गर्न सकिने ।

२. पशुपालन, पंक्षीपालन, मौरीपालन, माछापालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने ।

३. वेमौषमी खेती, अर्गानिक खेती तथा फलफुल खेतीका माध्यमबाट आय आर्जन वृद्दि गर्न सकिने ।

४. नगरपालिकामा उत्पादित वस्तुहरु राप्ती राजमार्ग र मदन भण्डारी राजमार्ग हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने ।

५. जर्खु, शारदा, ठूलापालत नेपाने, चैबाङ्ग खैरावाङ्ग, शारदा, मोख्लेखोला,चिउरीखोला, माल्नेटा वृहत र खलंगा शीतलपाटी खानेपानी आयोजना मार्फत नागरिकको घरदैलोमा खानेपानी सेवा पुऱ्याउन सकिने ।

६. आस्थाकी देवी खैरावाङ्ग माईको प्रचार प्रसार गरी आन्तरिक पर्यटन प्रवर्धन गर्न सकिने ।

७. नगरपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहु–आयामिक पर्यटनको विकास गर्न सकिने ।

८. खाली स्थान तथा रमणीय पार्क निर्माण गर्दै नगरपालिकाको सौन्दर्य वृद्धिका साथै पर्यटक भित्र्याउन सकिने ।

९. नगरपालिका क्षेत्रमा विद्यमान श्रोतहरु–जल, जंगल, जडिबुटी, नदीजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने ।

१०. युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने ।

११. राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउन सकिने ।

१२. शैक्षिक संस्थाहरुमा सबैको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा मार्फत असल, दक्ष, क्षमतावान र सीपयुक्त नागरिक तयार गरी आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने ।

१३. नगरपालिका भित्रका स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरुसंग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर घरसम्म पुऱ्याउन सकिने ।

१४. नगरपालिका पूर्ण खोप सुनिश्चता तथा दीगोपनाको निरन्तरता दिन सकिने ।

१५. विभिन्न आमा समूह, महिला समूह, किशोरी समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा टेवा पुऱ्याउन सकिने ।

१६. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु–व्यवस्था कायम गर्न सकिने ।

१७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका माध्यमबाट नागरिकलाई नगरपालिकाको विकास र समृद्धिमा सारथी बनाउन सकिने ।

१८. आवधिक योजना, भू–उपयोग योजना र सडक तथा यातायात गुरुयोजना मार्फत नगरपालिकाको विकासलाई व्यवस्थित बनाउन सकिने ।

१९. सुन्दर, समृद्ध र सुशासित नगरपालिका निर्माणका लागि सामुहिक प्रतिवद्धता निर्माण गर्न सकिने ।

२०. राष्ट्रिय प्रसारण लाईनबाट नगरपालिकाको सबै वडा/क्षेत्रमा विद्युत लाईन विस्तार गर्न सकिने ।

२१. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र परिचालनबाट विपद् व्यवस्थापनका क्षेत्रमा यथोचित निर्णय र कार्यक्रम गर्न सकिने ।

२२. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्न सकिने।

२३. निर्वाचित जनप्रतिनिधिहरुको आकांक्षा र आत्मविश्वासलाई नागरिकका चाहना र आवश्यकता परिपूर्ति गर्न परिचालन गर्न सकिने ।

२४. विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको प्रयोगलाई जनमैत्री एंव व्यवस्थापनमुखी बनाउन सकिने ।

२५. श्रीनगर बसपार्कको निर्माण पश्चात राजश्व परिचालन क्षमता वृद्दि गर्न सकिने ।

२६. विकास निर्माणमा जनसहभागिताको दरलाई वृद्धि गर्न सकिने ।

२७. नगरपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति मार्फत स्थानीय सरकार प्रति नागरिकको विश्वास जित्न सकिने ।

उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसीलका चुनौतीहरु पनि संगै रहेका छन् ।

## चुनौतीहरुः

१. आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने ।

२. अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्ने ।

३. अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने ।

४. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने ।

५. स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी नगरपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने । श्रम पलायनलाई रोक्ने ।

६. नगरपालिकाको विद्यामान श्रोतको पहिचान र परिचालन गर्ने ।

७. वन्यजन्तुबाट हुने मानवीय तथा कृषि बालीमा हुने क्षतिलाई न्यूनिकरण गर्ने ।

८. शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने ।

९. स्वास्थ्य संस्थाहरुमा well equipped, trained man power को व्यवस्थापन गर्ने ।

१०. सम्पूर्ण नगरपालिकालाई घरेलु हिंसा मुक्त घोषणा गर्ने ।

११. बालमैत्री, अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने ।

१२. हिंसा पिडीत तथा वेवारिसेहरुको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्ने ।

१३. लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुर्‍याउने अन्धविश्वास, कु–संस्कार, कु–प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने ।

१४. समाजमा बढ्दै गएको जेष्ठ नागरिकहरुको संख्यालाई उचित स्याहार र संरक्षण गर्ने ।

१५. खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने ।

१६. सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने ।

१७.सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्गको व्यवस्थापन गर्ने ।

१८. टिनका छाना भएका विद्यालय भवनहरुको छाना विस्थापन तथा नयाँ छाना परिवर्तन गर्ने ।

१९. विभिन्न घर तथा बजारबाट निस्कने ठोस फोहरको दीर्घकालीन व्यवस्थापन गर्ने ।

२०. विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिवद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।

२१. नगरपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने ।

२२. विद्युत सेवालाई सर्वसुलभ बनाउने ।

२३. यातायातका साधन दिनानुदिन बढिरहेको अवस्थाले वातावरण प्रदुषण र मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असर नियन्त्रण गर्ने ।

२४. प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।

२५. पशुपालन व्यवसायलाई भरपर्दो बनाउने तथा कृषिमा अत्यधिक प्रयोग हुने विषादीलाई नियन्त्रण गर्ने ।

२६. वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने ।

२७. आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।

२८. नगरपालिका केन्द्रलाई नीति निर्माण र वडा कार्यालयहरुलाई सेवा केन्द्रका रुपमा विकास गरी स्थानीय सरकार प्रति नागरिकको भरोसा जित्ने ।

२९. परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित बनाई कार्यान्वयनमा ल्याउने ।

३०. नगरपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**
**आदरणीय नगरसभा सदस्यज्यूहरु,**
**आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले निम्न विषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः**

क. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)
ख. स्थानीय सरकार संचालन ऐन, २०७४
ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७
ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
झ. नगरपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड
ञ. नेपाल सरकारको सोह्रौं योजना
ट. दीगो विकास लक्ष्य २०१६–२०३०
ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु
ड. नगरपालिको आवधिक योजना २०७९-८४

ढ. नगरपालिकाको मध्यमकालीन खर्च संरचना

ण. नगरपालिकाको भू उपयोग योजना, २०७९

त. शारदा नगरपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

थ. नगर कार्यपालिका तथा नगर सभाका निर्णयहरु

द. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु।

ध. शारदा नगरपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु।

उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छन्। साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन गरिएको थियो।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने योजना

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना

ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुर्‍याउने योजना

घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुर्‍याउने योजना

ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना

छ. दिगो विकास,वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने योजना

ज. स्थान बिशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने योजना

झ. लक्षितवर्गका जिविकोपार्जनमा सघाउ पुर्‍याउने योजना

ञ. नगरपालिकाको दीगो आय वृद्धिमा सघाउ पुर्‍याउने योजना

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**
**आदरणीय नगरसभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व.२०८२/०८३ मा शारदा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## आर्थिक विकास तर्फः

१. कृषि विकास रणनीतिक योजना २०८१-२०८५ को आधारमा नगरपालिकाको कृषि तथा पशुपञ्छी विकास कार्यक्रम तयार गरिनेछ।
२. कृषि खेतीलाई व्यावसायिक बनाउनका लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मूल्य (High Value) का बाली वस्तुको खेतिमा जोड दिईने छ।
३. खाद्यान्न बालीको उन्नत तथा गुणस्तरीय बीउमा नगरलाई आत्मनिर्भर उन्मुख बनाउन कृषकहरुलाई आवश्यक ज्ञान, सीप र क्षमता विकास तथा उत्पादन, प्रशोधन र भण्डारणको लागि आवश्यक सामाग्रीहरु वितरण गरीनेछ।
४. रासायनिक मलको समयमै, कृषकहरुको आवश्यकता अनुसार उपलब्ध गराउन साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड तथा कृषि सामग्री कम्पनी लिमिटेडसंग विशेष पहल तथा मल वितरण कार्यको अनुगमनलाई निरन्तरता दिईनेछ।
५. आधुनिक तथा व्यवसायिक कृषि खेतिको विस्तार गर्न कृषकहरुको आवश्यकता अनुसार कृषि यन्त्र, उपकरण तथा कृषि समग्री वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. नगरका व्यावसायिक कृषकहरुको ज्ञान, सीप र क्षमता विकासका लागि घुम्ती स्थलगत तालिम तथा अन्य सीप विकास हुने क्रियाकलापहरु सञ्चालन गरिनेछ।

७. विभिन्न ठाउँमा घुम्ती माटो परीक्षण शिविर सञ्चालनलाई निरन्तरता दिँदै विग्रीएको माटोको अवस्था सुधार गर्न कृषि चुन कृषकहरुलाई अनुदानमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. कफी बालीको क्षेत्र विस्तार तथा व्यवसायीकरण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

९. प्रारम्भिक बालबालिकाहरुको पोषण सुधारका लागि आधारभुत विद्यालयहरुमा तरकारी बालीको बगैंचा स्थापना गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरीनेछ।

१०. प्रारम्भिक बालबालिकाहरुको पोषण अबस्थाको सुधारका गर्न सुनौला हजार दिने आमाहरुको परिवारका लागि तरकारी बालीको बगैंचा स्थापना गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरीनेछ।

११. बाली तथा पशुपंन्छी सम्बन्धी प्राविधिक सेवा प्रभाकारी रुपमा प्रदान गर्न नगरका वडा कार्यालय बाहेक थप १५ वटा स्थानहरुबाट बाली तथा पशुपंन्छी उपचार सेवा केन्द्रको सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिनेछ। साथै यो कार्यक्रम सञ्चालनका लागि प्राविधिकहरुको क्षमता अभिवृद्धि गरीनेछ।

१२. धान, गहुँ र मकै बालीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषकहरुलाई आवश्यकता अनुसार ५०% मूल्य अनुदानमा उन्नत वीउ वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१३. चालु आ.व. २०८१/०८२ मा परीक्षण गरीएका जम्मा माटोको नमूना मध्य करिब ८१ प्रतिशत नमूना अम्लिय आएको तत्थ्याङ्कलाई मध्यनजर गरी कृषकहरुलाई माटो उपचारका लागि अनुदानमा कृषि चुन वितरण कार्यक्रमलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरीनेछ, साथै पालिकास्तरमै माटो परीक्षण ल्याब स्थापना गरी नियमित रुपमा माटोको नमूना परीक्षण गर्ने कार्यको सुरुवात गरीनेछ।

१४. नगरमा मौरी व्यवसायको प्रवर्द्धन गर्न कृषकहरुको लागत साझेदारीमा मौरी घार वितरण, महको प्रशोधन तथा बजारीकरणसंग सम्बन्धित कार्यक्रम सन्चालन गर्ने गरी नयाँ कार्यक्रमको सुरुवात गरिनेछ।

१५. बाँझो तथा भिरालो जग्गाको उपयोग गर्ने गरी कृषकहरुको आयस्तरमा वद्धि गर्न कृषक समूह तथा सहकारी संस्थाका सदस्यहरुको लागत सहभागितामा तरकारी बालीको प्रवर्द्धन कार्यक्रमलाई प्राथामिकता दिइनेछ।

१६. सुन्तला तथा ओखर बालीको क्षेत्र विस्तार, सिंचाई पूर्वाधार तथा विभिन्न औजार उपकरण अनुदानमा वितरणका लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, सुर्खेतको समन्वयमा आवश्यक कार्यक्रम सन्चालन गरिनेछ।

१७. तरकारी तथा फलफूल बालीहरुको भौगोलिक सम्भाव्यताका आधारमा कृषक समूह तथा सहकारी संस्थाहरुको समन्वयमा बालीवस्तु विशेष कार्यक्रमको सुरुवात गरिनेछ।

१८. सिप्रेड संस्थाको साझेदारीमा प्रकृतिमा आधारीत GESI अभ्यासहरुलाई प्रभावकारी सिकाई केन्द्रको रुपमा सहयोग प्रदान गर्ने तथा सफल अभ्यासहरुको विस्तार गर्न सहयोग पुर्याउने उदेश्यले कृषक समूहहरुमा जलवायु उत्थानशील तरकारी बाली प्रदर्शन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै वडा नं १५ को स्यालेघारीमा सिकाई केन्द्र स्थापना गरिनेछ ।

१९. “समृद्ध कर्णाली सुखारी कर्णालीबासी” को नारा अन्तरगत शारदा बासीलाई समृद्ध बनाउन पशुपालन कार्यलाई व्यवसायीकरण तर्फ प्रोत्साहन गरिनेछ ।

२०. पशुपालन व्यवसायलाई व्यवसायीकरण, आधुनिकरण, विविधिकरण, यान्त्रिकीकरण गरि आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर गराउदै खसी, वोका लोकल कुखुरा र दुग्धजन्य पदार्थको निर्यात बढाउन रोजगारी स्थापना गर्दै, पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।

२१. नगरपालिकाको किसानको घरदैलोमा नै राम्रो सेवा पुर्याउनका लागि वडामा रहेका कृषि तथा पशु सेवा प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न तालिम संचालन गरिनेछ ।

२२. पशुपालन पकेट क्षेत्रको स्थापना गरि पशुपन्छी श्रोत केन्द्रको रुपमा विकास गरि पशुजन्य उत्पादनमा वृद्धि गरिनेछ ।

२३. व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन नगर प्रमुख युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।

२४. पशु आहार सुधार गरि उत्पादनमा लागत कम गर्न स्थानीय स्तरमा स्थानीय उप-उत्पादनको प्रयोग गरी दाना बनाउन प्रोत्साहन गरिनेछ ।

२५. WHO को सन् २०३० सम्म घातक रोग रेविजको अन्त्य गर्ने लक्ष्यलाई प्रभावकारी बनाउन बर्षैभरी रेविज खोप उपलब्ध गराइनेछ ।

२६. नश्ल सुधार गरि पशुपन्छीको उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. विष्शिष्ट जातका पन्छीपालन (कालिज, लौकाट, टर्की ) कार्यक्रम लाई प्राथमिकता दिइनेछ ।

२८. व्यवसायिक पशुपालक कृषकलाई स्थलगत तालिम संचालन गरि उत्पादनमा वृद्धि गरिनेछ ।

२९. One health program अन्तगर्त Antimicrobial Resistance सम्बन्धी कृषकस्तरमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३०. सामुदायिक कुकुरको बन्ध्याकरण र रेविज रोग विरुद्धको खोप सेवालाई निरन्तरता दिइनेछ ।

३१. पशुपन्छीहरुमा महामारीको रुपमा फैलने रोग बिरुद्ध खोप सेवा संचालन गरिनेछ ।

३२. बाझोपन निवारण तथा पशु स्वास्थ्य सेवामा पहुँच नभएको ठाँउमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

३३. छाडा गाईहरुको व्यवस्थापनका लागि गौशाला व्यवस्थापन तथा छाडा रुपमा गाइ/गोरु छाड्नेलाई जरिवाना गर्ने कार्य लाई निन्तरता दिइनेछ । खैरावाङ्ग मन्दिर परिसरमा रहेको गौशाला व्यवस्थापन गर्ने हेतुले भक्त श्रद्धालुहरुले गौमातालाई दाना/आहारा दान गर्ने व्यवस्था मिलाइनेछ ।

३४. वडामा रहेको पशु स्वास्थ्य उपकेन्द्र बाट सेवा मा पहुँच टाढा भएका किसानको लागि पशु स्वास्थ्य किल्निक संचालन गरि सेवा दिइने छ ।

३५. बजारक्षेत्रमा संचालन रहेका औषधि पसल, फर्महरु तथा मासु पसललाई समय समयमा गरिने अनुगमनलाई निरन्तरता दिइने छ ।

३६. नगर क्षेत्र भित्र पशु र कृषि व्यवसायलाई सुरक्षित र संरक्षित बनाउनको लागि कृषि तथा पशु वीमा अनिवार्य गराइनेछ । वीमा कार्यक्रममा नगरपालिकाले सहजीकरण तथा सहयोग गर्ने छ ।

३७. नगर भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. कृषकसंग स्थानीय सरकार कार्यक्रम अन्तरगत मेयर उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ ।

३९. पशु सेवालाई थप प्रभावकारी बनाउन नगरपालिका भित्र पशु चिकित्सकको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

४०. डाँले तथा भुई घाँस उत्पादन अभियान शुरु गरी पशु बस्तुको खुला चरिचरन बन्द गर्ने र आफुले फल खायर बचेको बियाँ/बिउ संकलन गर्न आवह्वान गरी नगरपालिकामा दान प्राप्त गर्ने अनि त्यही बिउ/बियाँ र बँदेललाई मन पर्ने फलफुल तथा जङ्गली बाली खेतीको बिउ/बियाँ सडक छेउ तथा जङ्गल क्षेत्रमा छर्ने/रोप्ने अभियान संचालन गरेर जङ्गल क्षेत्रमा नै उनीहरुको लागि आहारा व्यवस्थापन गरी बँदेल नियन्त्रण गर्ने स्वावलम्वी कार्यक्रम संचालन गरिनेछ ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

"Green Sharada, Clean Sharada"

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

४१. उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवा युवती तथा पिछडिएका समुदायमा सीप विकासका तालिमहरु आयोजना गरिनेछ ।

४२. उद्यमशीलता प्रर्वद्धनका लागि युवा उद्यमीहरुलाई सीप तथा प्रविधी हस्तान्तरण गरिनेछ।

४३.नगरभित्र संचालन भएका उद्योगहरुलाई प्रबद्र्धन तथा प्रोत्साहन गरिनेछ।

४४. असल उद्यम अभ्यासको अनुसरणलाई जोड दिइनेछ।

४५. नगरवासीहरुमा उद्यमशीलताको विकास तथा साना ठुला उद्योग व्यवसाय सञ्चालनमा सहजीकरण गरिनेछ ।

४६. गरीवी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरु उत्पादनलाई निरन्तरता दिइनेछ। र लघु उद्यमीलाई प्रविधि खरिद तथा हस्तान्तरण गरिने छ।

४७. सेवा क्षेत्र एवम् उत्पादमूलक सम्भाव्य क्षेत्रहरुमा आवश्यक जनशक्ती तथा रोजगारी स्थानीय स्तरमा विकास गर्नको लागि सीपसंग सम्बन्धित जस्तैः काठको बुट्टा बनाउने, स्टोन पेभमेन्ट मेसनरी, कलर पेन्टिङ्ग, टायल, मार्बल तथा स्टोन फिक्सिङ्ग, भुकम्प प्रतिरोधी संरचना तथा भवन निर्माण, ढुङ्गा तथा धातुको मुर्तीहरु बनाउने, ढुङ्गा कटीङ्ग, कडाई बुनाई, गारमेन्ट बुनाई, बिभिन्न खाद्य पदार्थ प्याकेजिङ्ग, इलेक्ट्रिकल तथा बिभिन्न सामान मर्मत सम्बन्धी आदि बजारमा तत्काल रोजगार पाउने वा स्वरोजगार हुने क्षेत्रमा स्थानीय स्तरमा नै उपयुक्त विज्ञ प्रशिक्षकहरुको व्यवस्था गरी तालिम पश्चात पेशा व्यवसाय शुरु गरेमा भविश्यमा नगरपालिकाबाट अनुदान स्वरुप फिर्ता गर्ने गरी हाललाई स-शुल्क तालिमहरु सहकारी तथा उद्यम प्रवर्द्धन शाखाको स्वामित्व तथा अगुवाईमा सञ्चालन गरिनेछ।

४८. नगरपालिकाले प्रदान गरेका तालिमबाट प्राप्त सीप उपयोग गरी निर्माण गरेका सामाग्री र रैथाने बाली तथा उत्पादनको बिक्री वितरणका लागि नगरपालिकाले कोशेली घर वा नासो पसल स्थापनामा जोड दिनेछ।

४९. शारदा नगरपालिकास्थित सबै प्रकारका सहकारी संस्थाहरुको क्षमता वृद्धि र सहकारी शिक्षामा जोड दिइनेछ।

५०. एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्न कडाइ गरिनेछ भने सहकारीबाट गुणस्तरीय सेवा सर्व सुलभ रुपमा प्रदान गर्न प्रोत्साहन गरिनुका साथै नियमन अनुगमनमा कडाई गरिनेछ।

५१. निजी क्षेत्र अर्थतन्त्रतको बलियो आधार साकार बनाउनको लागि नगर सरकार र निजी क्षेत्रको साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, रोजगारी सृजना जस्ता कार्यक्रमहरुमा संयुक्त लागानी गरिनेछ। त्यसको लागि Public Private Partnership (PPP Model )लाई अवलम्वन गरिनेछ।

५२. आस्थाकी देवी खैराबाङ्ग माईको दर्शन तथा पर्यटक आवागमलाई वृद्धि गर्न दुवै तर्फबाट सडक कालोपत्र कार्यलाई निरन्तरता दिइनेछ,सम्पन्न हुन बाँकि रहेको मन्दिर पूर्ण गराउनुको साथै भौतिक पूर्वाधारहरुमा उल्लेखनिय विकास गरिनेछ।

५३.नगर क्षेत्र भित्र जिप फ्लायर तथा पार्क निर्माण गरी पर्यटन प्रवर्द्धनका लागि नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण गरिने छ।

५४. धार्मिक एवम् प्राकृतिक क्षेत्रमा पर्यटन प्रवद्र्धन र विकासको योजनासहित स्थानीय युवालाई तालिमको व्यवस्था गरिने छ।

५५. खैरावाङ्ग मन्दिर क्षेत्रलाई संरक्षण गदै पर्यटकलाई विश्रामका लागि पार्क निर्माण गरिनेछ ।

५६.शारदा नगरपालिकाभित्रका विभिन्न रमणीय स्थानहरुमा पर्यटन प्रर्वद्धन गर्नका लागि होम स्टे निर्माण कार्यलाई प्रवर्द्धन गरिनेछ।

५७.सामुदायिक पुस्तकालय र टोल टोलमा बाल उद्यान निर्माण गरिने छ।

५८. वुद्ध पार्क मखन टाकुरी, सिद्ध पार्क, हिम दृश्य पार्क, छापडाँडा पार्क, भाईरल टाकुरी पार्क, माया बिसौनी पार्कको मर्मत सम्भार, सरसफाई तथा व्यवस्थापनमा लगानी गर्ने तथा आन्तरिक राजश्व वृद्धिमा जोड दिइनेछ।

५९.स्वच्छ, सफा र पर्यटनमैत्री बस्तीको विकास गर्दै पालिकाका विभिन्न स्थानमा Physical Fitness पार्कको निर्माण गरिने छ

६०.खलंगामा Tourism Information Center (पर्यटन सूचना केन्द्र) स्थापना गर्नेकार्य अगाडी बढाईनेछ।

"Green Sharada, Clean Sharada"

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

## सामाजिक विकास तर्फः

६१.हाम्रो स्वास्थ्य, राम्रो स्वास्थ्य" (Our Health Good Health) भन्ने भावनालाई आत्मसात गरी क्रमशः सबै वडाहरुमा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिने छ।

६२.गुणस्तरीय स्वास्थ्य सेवाः नागरिकको अपेक्षा' भन्ने मान्यताका आधारमा सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारमा सुधार साथै समयानुकुल स्तरोन्नति गरि स्रोत साधन सम्पन्न बनाउदै निःशुल्क औषधिहरुको नियमित आपूर्तिको सुनिश्चितता गरिने छ ।

६३.१५ वटै वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक, अशक्त तथा अपागंता भएका व्यक्तिहरुलाई घरमै पुगेर निःशुल्क स्वास्थ्य सेवा दिईने कार्यलाई निरन्तरता दिईने छ ।

६४."स्वस्थ आहार, स्वस्थ विचार, स्वस्थ्य व्यवहार" लाई ध्यानमा राखी नगरका प्रमुख स्थानहरुमा योग शिविर संचालनलाई निरन्तरता दिईने छ।

६५.सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कार्यक्रम संचालनमा ल्याई नगरवासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुंचलाई सुनिश्चित गरिने छ ।

६६.१५ वटै वडाका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको यातायात प्रोत्साहन सुविधालाई निरन्तरता दिइने छ ।

६७.महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य वीमाको ५० प्रतिशत Premium नगरपालिकाकाले उत्प्रेरणाका रुपमा तिरिदिनेछ।

६८.विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई सवै माध्यामिक विद्यालयसम्म विस्तार गरिनेछ ।

६९.राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी बिपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईने छ।

७०.सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइने छ।

७१.नगरवासीहरुको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको साथै सचेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

७२.सि.एम.सी. नेपालको सहकार्यमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा बिस्तार गरी विभिन्न किसिमका प्रवर्धनात्मक, रोकथाम र उपचारात्मक सेवाको व्यवस्था लाई निरन्तरता दिइने छ।

७३.मानसिक रोगप्रतिको गलत धारणा, अन्धविश्वास, भ्रम र मिथ्याकथन हटाउन विद्यालय र समुदायस्तरमा जनचेतना अभिवृद्धि गरिनेछ ।

७४.आत्महत्या रोकथाम तथा न्यूनीकरण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सबै सरोकारवालहरुको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ ।

७५.प्रजनन स्वास्थ्यको कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाउदै लगिनुका साथै मातृ तथा नवशिशु कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

७६. क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम मार्फत यस नगरपालिकालाई क्षयरोग मुक्त पालिका घोषणा गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ। यस कार्यलाई प्रभाबकारि बनाउन BNMT( Birat Nepal Medical Trust) संग सहकार्य गरिने छ।

७७. जेष्ठ नागरिक, सुरक्षित प्रसुति सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा टेवा पुर्याउन एम्बुलेन्स सेवाको प्रभावकारी परिचालन गरिने छ।

७८. अकस्मात आइपर्ने महामारी नियन्त्रण, रोकथाम एवं विपद व्यवस्थापन पूर्व तयारीको उचित व्यवस्था मिलाईने छ।

७९. सबै स्वास्थ्य संस्था, वडा कार्यालय र विद्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रदर्शनी कक्षको व्यवस्था मिलाईने छ। सुनौलो १००० दिनका आमा र बालबालिकाहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहु क्षेत्रीय पोषण योजनालाई प्राथमिकतामा राखि पोषण लक्षित र पोषण संवेदनशिल क्रियाकलापहरु संचालन गरिने छ।

८०. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई नगरपालिकाको स्वास्थ्य सम्बन्धि नीति, योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिने छ।

८१. आइ पास नेपालको सहकार्यमा खलंगा तथा मार्के स्वास्थ्य चौकीबाट शुरु गरिएको सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाईने छ, साथै यौन तथा प्रजनन् स्वास्थ्य एव् स्वास्थ्य संस्था सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८२. संस्थागत सुत्केरी तथा पोषण सुधार कार्यलाई थप प्रभावकारी बनाउन उपप्रमुख पोषण कोशेली कार्यक्रमलाई निरन्तरता दिईने छ।

८३. बालबालिकाहरुको शारीरिक र बौद्दिक बिकासमा सुधार ल्याउन अभिभावकहरुलाई पोषिलो खाना खुवाउन उत्प्रेरित गर्न नियमित तौल अनुगमन गर्ने बालबालिकाहरुलाई पोषणयुक्त खाद्य बस्तु र सरसफाईका सामाग्री वितरण गरिने छ।

८४. किशोर किशोरी प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईने छ।

८५. दीर्घरोगीहरुलाई दिइने मासिक रु ५००० (पाँच हजार) उपचार खर्च सर्वसुलभ तरिकाले उपलब्ध गराइनेछ।

८६. स्वास्थ्य चौकी सेजवालटाकुरा र डाँडागाँउको भवन निर्माणका लागि प्रदेश सरकारसंग समन्वय गरिने छ।

८७. शारदा नगरपालिका सल्यानका सम्पूर्ण १५ महिना भित्रका बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसार सबै खोप प्रदान गरि यस पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम राख्न बिभिन्न क्रियाकलापहरु संचालन गरिने छ।

८८. मृत्यु संस्कारमा उपस्थित हुन नगरपालिकाले आ. व. २०८२।८३ मा घरदेखि घाटसम्मको नीति अवलम्बन गर्नेछ।

८९. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र (HRDC) को सहकार्यमा १८ वर्ष सम्म उमेर समूहका शारीरिक अपाङ्कता भएका बालबालिकालाई उपचार तथा पुनर्स्थपान सेवा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

९०. सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने लक्ष्यका साथ शिक्षा क्षेत्रलाई अगाडि बढाइने छ ।

९१.शारदा नगरपालिकाको १० वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याइने छ ।

९२.नगरपालिका भित्रका बालविकास कक्षाका बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक लगायत सर्वाङ्गीण पक्षको विकासको नियमित मूल्याङ्नको लागि बालविकास शिक्षकहरुलाई तालिम प्रदान गरी ELDS Report card लागु गरिनेछ।

९३.नगरपालिकामा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी (लेखापाल), विद्यालय सहयोगी कर्मचारीहरुको लागि प्रोत्साहन गरिनेछ।

९४.प्रारम्भिक उमेरका बालबालिकाको विकासात्मक पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नु पर्ने भूमिकाबारे अभिभावकको क्षमता विकास तथा सचेतना अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

९५.नगरपालिकाभित्रका उत्कृष्ट विद्यालय प्रधानाध्यापक, विद्यार्थी, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र अभिभावक सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९६.सबैं बालबालिकाहरुका लागि समतामूलक, सान्दर्भिक तथा गुणस्तर तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित तथा सहभागिता वृद्धि गरी शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाइने छ।

९७. असहाय, अभिभावक विहीन विपन्न बालबालिकाहरुलाई छात्राबासमा राखी शिक्षा आर्जन गर्नका लागि शारदा नगरपालिका वार्ड नं ५ मा रहेको जनकल्याण आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक विकासमा जोड दिइनेछ ।

९८. सार्वजनिक विद्यालयमा न्यूनतम पूर्वाधार निर्माण कार्य गरिनुको साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाइने छ साथै गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षामा आधुनिक नवप्रविधियुक्त भौतिक निर्माणमा जोड दिइने छ। बालमैत्री विद्यालयका लागि कक्षा कोठा निर्माण, जीर्ण कक्षाकोठा पुर्ननिर्माण सरसफाई युक्त शौचालय र धारा पुनर्निमाणमा जोड दिइने छ।

९९.शैक्षिक सुशासन कायम गर्न र शिक्षकको पेशागत विकासका लागि जनप्रतिनिधी, नगर शिक्षा समितिका पदाधिकारी, वडा शिक्षा समितिका पदाधिकारी र विषय विज्ञ सहितको सघन विद्यालय अनुगमन तथा पृष्ठपोषण कार्यलाई निरन्तरता दिइनेछ।

१००. शिक्षकको पेशागत विकासमा सहयोग पुर्‍याउनको लागि समयसापेक्ष तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०१. शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षासँग सम्बन्धित साझेदार संस्था लगायत शैक्षिक सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरि विद्यार्थीहरुमा पठन संस्कृतिको विकास गर्न शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगको लागि पढाइ मेलालाई निरन्तरता दिइनेछ।

१०२. शिक्षा क्षेत्रको सूचना आदानप्रदान गर्न, विद्यार्थीहरुको समस्या बुझ्न तथा शैक्षिक क्षेत्रमा सुशासन कायम गर्न नगर प्रमुख र उपप्रमुखसँग विद्यार्थी कार्यक्रमलाई सञ्चालन गरिनेछ।

१०३. सार्वजनिक विद्यालयहरुमा सुशासन कायम गर्नको लागि ई-हाजिरी जडान गरि प्रयोगमा ल्याइनेछ।

१०४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनमा सहयोग पुर्‍याउन र संस्थागत विद्यालयहरुमा सुशासन कायम गर्नको लागि नियमित अनुगमन तथा नियमन कार्य अगाडी बढाइनेछ।

१०५. सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरि गुणस्तरीय शिक्षाको प्रवर्धनको लागि सार्वजनिक विद्यालयहरुमा विद्युतीय उपकरणको व्यवस्थापन गरिनेछ।

१०६. प्राकृतिक विपद् माहामारी लगायतको समयमा बालबालिका, शिक्षक तथा अभिभावकमा देखिने दर, त्रास र बालबालिका तथा किशोरकिशोरीहरुमा देखिने शारिरीक तथा संवेगात्मक परिवर्तन, मास कन्भर्सन डिसअर्डर लगायत विभिन्न समस्याहरुमा मनोसामाजिक सहयोग तथा परामर्शको लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा पहल गरिनेछ।

१०७. आत्म हत्या तथा मानसिक रोग विकराल समस्याको रुपमा देखा परिरहेको छ। आत्महत्या रोक्न तथा मानसिक रोग न्यूनीकरण गर्ने अभियानको रुपमा, नगरपालिका अन्तर्गतका विद्यालयहरुमा बिहानी प्राथाना समयमा हाल बहाल शिक्षकहरु र उपलब्ध श्रोत साधन भित्र बाटै थप बजेट व्ययभार नपर्ने गरी जीवन प्रति आशा जगाउने कथाहरुको वाचन, जीवनको अन्तिम क्षण सम्मको संघर्षबाट धैरै उचाईमा पुग्न सफल मानिसहरुको कथाहरुको वाचन, सकारात्क सोच, प्रशंसनीय खोज, सिर्जनशिल अभ्यास, जीवन जीउने कला, आधारभूत स्वास्थ्य चेतना, योगा ध्यान, प्राकृतिक उपचार, उपयुक्त आहार बिहार कला, वित्तीय साक्षरता, सफलताको कथाहरु सुन्ने सुनाउने, पृष्ठपोषण कला विकास आदि जस्ता बिषयमा अनिवार्य कम्तीमा १० मिनेटको शेसन प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१०८. शारदा नगरपालिकालाई कार्यक्षेत्र बनाएर शिक्षासँग सम्बन्धित कार्य गर्न इच्छुक विभिन्न साझेदार संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१०९. ENSURE र TECSAS परियोजना मार्फत विद्यार्थीको ज्ञान सीप क्षमता वृद्धि गर्नुका साथै विद्यालय शिक्षकको क्षमता अभिवृद्धि र विद्यालय अनुगमनलाई जोड दिईनेछ ।

११०. नगरपालिकामा एक नमूना विद्यालयको लागि सञ्चालन कार्यक्रम गर्न पहल गरिनेछ ।

१११. विद्यार्थीको भविष्यलाइ ख्याल गर्दै वृत्ति निर्देशन (Career guidance) को कार्यक्रमलाइ लागु गरिनेछ ।

११२. Book less Friday को लागि सबै विद्यालयहरु सहभागिताको लागि पहल गरिनेछ ।

११३. रुम टु रिडको सहकार्यमा सामुदायिक विद्यालयहरुमा साक्षरता कक्षालाई निरन्तरता दिदै कक्षा कोठा व्यवस्थापन र पुस्तकालय व्यवस्थापनलाई जोड दिइनेछ ।

११४. सेतो गुराँस राष्ट्रिय वालविकास सेवाको सहयोग तथा समन्वयमा अभिभावक शिक्षालाई निरन्तरता दिइनेछ ।

११५. स्यानेटरी प्याड (Sanitary pad) को कुशल विसर्जनका लागि प्रत्येक विद्यालयलाई Disposal Machine उपलब्ध गराईने छ।

११६. प्राकृतिक विपद् महामारी लगायतका समयमा बालबालिका शिक्षक तथा अभिभावकमा देखिने डर त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्बोधन गरि पूर्ववत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन विपद् तथा महामारीजन्य परिस्थितिमा बालबालिकाहरुका लागि मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

११७. विपद्को अवस्थामा प्रभावित व्यक्तिहरुको लागि प्राथमिक मनोबैज्ञानिक सहयोग र विद्यालयमा समूहमा बेहोस हुने वा मास कन्भ्रसन डिर्सअडर (CMD)को व्यवस्थापनको लागि दुर्त प्रतिकार्य टोलीको नियमित क्षमता अभिवृद्धि गरि यथासक्य छिटो सेवा प्रवाह गरिनेछ।

११८. आम सञ्चारका माध्यमबाट बालबालिका तथा किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य, मनोसामाजिक समस्या र मनोसामाजिक सहयोगको बारेमा उपयुक्त भाषा, शैलीमा सूचनाका सामाग्रीहरु तयार गरी प्रशारण गरिनेछ ।

११९. शारदा मेयर कप T20 क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

१२०. आगामी आ.व. २०८२।८३ मा शारदा खेदलकुद विकास समिति गठन गरिनेछ ।

१२१. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा खेल संस्कृतिको विकास गर्न खेल प्रशिक्षकको व्यवस्था मिलाईनेछ ।

१२२. २०८२ को जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता यस नगरपालिकाले आयोजना गर्न पहल गरिनेछ ।

१२३. नगरबासीहरुलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ बनाउन पोषण तथा योग प्रशिक्षकको व्यवस्था गरिने छ।

१२४. विपद् व्यवस्थापनमा लागि प्रत्येक टोलमा युवा Task Force गठन गरिने छ ।

१२५. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा भलिबल कोर्ट निर्माण कार्य क्रमश गरिने छ। महिला भलिबललाई प्रोत्साहन गरिने छ।

१२६. प्राविधिक दक्ष जनशक्ति उत्पादनमा जोड गर्न मेयर छात्रवृत्ति कार्यक्रम लागु गरिने छ।

१२७. प्रतिभा पहिचान तथा प्रोत्साहन गर्न Sharada Idol कार्यक्रम संचानल गरिने छ।

१२८. उप–मेयरसँग किशोरी कार्यक्रम अन्तर्गत प्रजनन स्वास्थ्य तथा यौन शिक्षा एवम् लैंगिक विभेद विरुद्धको अभियान सबै विद्यालयमा संचालनमा ल्याइने छ।

१२९. मेयरसँग युवा कार्यक्रम अन्तर्गत लागु पदार्थ दुव्यर्सनविरुद्ध सचेतना कार्यक्रम संचालनमा ल्याइने छ।

१३०. युवा स्वरोजगारको लागि विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ।

१३१. युवा सम्मेलन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१३२. अति असक्त जेष्ठ नागरिक र पूर्ण अपांग भएका व्यक्तिलाई घरदैलोमा गई बैँकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईने छ।

१३३. “दीर्घ जीवन, ईश्वरको वरदान” भन्ने नाराका साथ ९० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

१३४. जेष्ठ नागरिक खेलकुद कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१३५. सामाजिक सुरक्षा भत्ता स्वईच्छाले नलिने व्यक्तिहरुलाई सार्वजनिक रुपमा सम्मानको व्यवस्था मिलाईने छ।

१३६. बाल विवाह अन्त्यका लागि निर्माण गरिएको पञ्चवर्षीय रणनीतिक योजनाको कार्यन्वयनका लागि बाल विवाह विरुद्धका विभिन्न कार्यक्रम संञ्चालन गरिने छ।

१३७. महिला सशक्तिकरण तथा महिला नेतृत्व विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।

१३८. लैङ्गिक समानता तथा सामाजिकरण समावेशीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिने छ।

१३९. शारदा नगरपालिकालाई बाल मैत्री स्थानीय शासन घोषणाका लागि विभिन्न सूचक पुरा गर्ने कार्यक्रम गरिने छ।

१४०. महिला, बालबालिका, अपाङ्गगता, पिछडिएको वर्ग, दलित, जेष्ठ नागरिक जनजाती एकल महिला द्धन्द्धपिडीतको सम्मान प्रवर्द्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम संञ्चालन गरिने छ।

१४१. बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि विभिन्न नेतृत्व विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१४२. आपतकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्र शारदा नगरपालिका- २ सल्यानलाई अशक्त र असहायहरुको लागि आश्रयस्थलका रुपमा विकास गर्न सहकार्य गरिनेछ।

१४३. दलित विकास समाज (DDS ) सल्यानको सहकार्यमा महिला, किशोर किशोरी, शिक्षा र स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४४. यस आर्थिक वर्षमा जेष्ठ नागरिकहरुका लागि दिवाकालीन जेष्ठ नागरिक मनोरञ्जन स्थल स्थापनाको नीति अवलम्बन लिइनेछ।

१४५. खानेपानीको समस्या हल गर्न बिश्व बैक, संघीय सरकार, प्रदेश सरकार र नगरपालिका बीचको त्रिपक्षीय सम्झौता भए बमोजिम १०९ करोड रकमको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४६. एक घर एक धारा अभियान अन्तरगत नयाँ योजना तथा पुराना योजनाहरु मर्मत गरी नगर भित्र प्रत्येक घरधुरीमा निजी धारा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४७. नगर भित्रका विद्यालयहरु, स्वास्थ्य संस्थाहरु र सार्वजनिक संस्थाहरुमा खानेपानी तथा सरसफाई क्षेत्रलाई सुधार गरिने छ।

१४८. १५ वटै वडामा खानेपानी आयोजनाको मर्मत सम्भारको व्यवस्थापन गरिनेछ।

१४९. नियमित खानेपानी आपूर्ति, मर्मत सम्भार तथा व्यवस्थापन गर्न थप प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ।

१५०. स्वच्छ सफा तथा शुद्ध पानीको गुणस्तर मापन गर्न नगर भित्र प्रयोगशाला निर्माण प्रक्रियालाई अगाडि वढाइनेछ।

१५१. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन सूचना प्रणाली ( N-Wash Dashboard MIS) मा अपडेट गरी व्यवस्थित गर्ने नीति बनाइने छ।

१५२. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित बनाउनका लागि संघीय सरकारसंगको लागत साझेदारीमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई निरन्तरता दिइने छ।

१५३. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई सहि सदुपयोग गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गरिने छ।

१५४. वैदेशिक रोजगारीमा रहेका व्यक्तिका मानशिक समस्यामा रहेका परिवारहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।

१५५. वैदेशिक रोजगारीलाइ सुरक्षित, मर्यादित बनाउनका लागि सूचना सम्प्रेषणका लागि टोल टोलमा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिने छ।

१५६. जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रबासी सूचना केन्द्रबाट निरन्तर रुपमा सूचना प्रदान गरिने छ।

१५७. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न शारदा नगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गरिने नीति लिइनेछ।

१५८. पालिकाबाट उपलब्ध गराइने श्रम स्वीकृतिलाई छरितो, भरपर्दो र नागरिक मैत्रि बनाइनेछ।

१५९. वैदेशिक रोजगारीमा गई मृत्यु भएका व्यक्तिका परिवारलाई प्राप्त हुने आर्थिक सहायतालाई प्रभावकारी बनाउन वैदेशिक रोजगार वोर्डसँगको समन्वय र सहकार्यलाई भरपर्दो र दीगो बनाइनेछ।

१६०. वैदेशिक रोजगारीमा मृत्यु भएका व्यक्तिको सन्ततीलाई छात्रवृत्तिका लागि प्रभावकारी रुपमा वैदेशिक रोजगार वोर्डमा नियमित सहजीकरण र सहकार्य गरिनेछ।

१६१. CTEVT संगको साझेदारीमा Quality Project लाई निरन्तरता दिई शारदा बासी नागरिकले अनौपचारिक रुपमा हासिल गरेको आय आर्जनमुखी सीपलाई परीक्षण गरी प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

"Green Sharada, Clean Sharada"

**पूर्वाधार विकास तर्फः**

१६२. जर्खु, खैरावाङ्ग चैबाङ्ग, ठूलापातल नेपाने, खलंगा शीतलपाटी, कजेरी खानेपानी आयोजना तथा सार्वजनिक/विद्यालय शौचालय र गुणस्तर ल्याबको भौतिक पूर्वाधार निर्माण कार्य समयमा नै सम्पन्न गर्न नियमित अनुगमन र सहजीकरण गरिनेछ।

१६३. संघीय सरकारको सहकार्यमा शारदा नगरपालिका वार्ड नं १ मा एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१६४. संघीय सरकारको सहकार्यमा शारदा नगरपालिका वार्ड नं ११ मा रहेको खैरावाङ्ग मन्दिरसम्म पुग्ने बाटो निमार्ण गरिनेछ।

१६५. आ.व. २०८१।०८२ मा संचालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरतामा जोड दिइने छ।

१६६. यातायात क्षेत्रको व्यवस्थापनका लागि निर्माण भएको आधुनिक बसपार्कको कुशल व्यवस्थापन गरिनेछ।

१६७. शारदा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पूर्वाधारको लागि समपुरक कोषको उचित व्यवस्था गर्न विशेष जोड दिईने छ। साथै संघ र प्रदेश सरकारका जिल्ला स्थित कार्यालयमा अख्तियारी प्राप्त शारदा नगरपालिकामा कार्यान्वयन गर्ने विकास निर्माण सम्बन्धी योजना/कार्यक्रममा द्विपक्षीय सम्झौता गरी सहलगानी गर्न सकिनेछ।

१६८. हाम्रो सम्पदा राम्रो सम्पदा कार्यक्रम संचालन गरिनेछ, जस अन्तर्गत वडा नम्बर २ चोरकाट्ने भिरमा ट्रेल मार्ग निर्माण, भट्टाचौर चाका ज्यूला हुँदै वडा नम्बर १४ ढाँरखानी गुकुलनगरसम्म पर्यटक पथ निर्माण, खैरावाङ मन्दिर परिसरमा भिजिनेरी अप्रोज फोटो पार्क निर्माण गरिनेछ।

१६९. नगरपालिकाका सबै वडालाई सडक संजालमा जोडिने छ र वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रुपमा आवागमन गर्न उक्त सडकहरुको मर्मत सभ्भार तथा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ।

१७०. सबै वडा कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्नको उचित व्यवस्था मिलाईनेछ।

१७१. शारदा नगरपालिकाको सडक तथा यातायात गुरुयोजना (MTMP) अद्यावधिक गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१७२. Sharada Ring Road (चक्रपथ) लाई गौरवको आयोजनाको रुपमा अगाडि बढाइनेछ।

१७३. नगर क्षेत्रभित्र विद्युतीकरण गर्न बाँकी रहेका सबै वडाका टोल बस्तीमा विद्युतीकरणलाई निरन्तराता दिइनेछ।

१७४. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालित आयोजनाहरुको गुणस्तरीयता वृद्धि गर्नुका साथै नागरिकको अपनत्य श्रृजना हुने नीति अवलम्बन गरिनेछ।

१७५. शारदा उदयमान शहर हुन गइराखेकोले शारदाको वडा नम्बर १ तिलछहरे डाँडादेखि शारदा नगरपालिका वडा नम्बर ६ बरलासम्म, वडा नम्बर २ को डाँडागाउँ देखि वडा नम्बर ४ को साहुटोलसम्म बस्ती विकास परियोजना लागु गरिनेछ। जस अन्तर्गत देशकै ५७ औं शहर निर्माणका लागि जोड दिइनेछ।

१७६. मानव बस्ती विकास, सहरी विकास योजना, आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि आधारभूत मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

१७७. श्रीनगर शितलपाटी पटनेरी, जोगिदेउखोला देखि बरला सम्म बढ्दै गएको शहरीकरणलाई मध्यनजर गर्दै आ. व. २०८२।०८३ मा आधुनिक शहरको मुर्तरुप दिन शहरका छेउछाउमा सडक बत्ती विस्तार, चोक र टोल बस्तीको नामाकरण, सिसि क्यामेरा जडान, ग्रीन जोन निर्माण, फुटपाथको व्यवस्था र क्रसिङ प्वाइन्ट आदि कार्यलाई तत्परता दिइनेछ। हेरिटेज सिटी सल्यान खलंगा वडा नं. २ डाँडागाउँ देखि वडा नम्बर ५ दुल्धारा पोखरा सम्म विशेष गुरुयोजना तयारका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

१७८. बजार क्षेत्रमा ढलनिकासको व्यवस्थापन गरिनेछ।

१७९. पूर्वाधार निर्माण कार्यको गुणस्तर परीक्षण गर्नको लागि नगरपालिकामा पूर्वाधार ल्याब स्थापना गरी परीक्षण गर्ने कार्य अगाडि बढाइनेछ।

१८०. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको सेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाईनेछ ।

१८१. नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको लागि व्यवस्थित प्रणाली उपयोग गरी प्रभावकारी सेवा प्रदान तथा चुस्त अभिलेख व्यवस्थापनमा जोड दिईनेछ।

१८२. शारदा नगरपालिका क्षेत्र भित्र रहेका नयाँ तथा पुराना बाटोहरुको मापदण्ड बनाएर लगत कट्टा गरिनेछ ।

१८३. नगरपालिकका भित्र रहेका अतिक्रमित सार्वजनिक जग्गाहरुको नापँजाच तथा लगत संकलन गरी बहाल बिटौली करको दायरामा ल्याईनेछ ।

१८४. जग्गाको भुउपयोग क्षेत्र वर्गीकरण अनुसार जग्गाको न्यूनतम मूल्य निर्धारण गरि राजस्वमा वृद्धि गरिनेछ ।

१८५. सार्वजनिक जग्गाको नाँपजाँच र संरक्षण गरिनेछ ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

## वन ,वातावरण तथा विपद् व्यवस्थापन तर्फः

१८६. प्राकृतिक प्रकोप तथा विपद्लाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

१८७. फोहरमैला व्यवस्थापन कार्यक्रमलाई आधुनिक तथा व्यवस्थित गरिनेछ ।

१८८. वन तथा भूसंरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार संरक्षण, जलवायू परिवर्तन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

१८९. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका, अतिक्रमणमा परेका, प्राथामिकतामा नपरेका सामुदायिक रिचार्ज पोखरीलाई सामुदायिक वन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण, पुनःनिर्माण, संरक्षण र पुर्नस्थापना गरिनेछ ।

१९०. निर्मित भू–उपयोग नीति तथा जग्गा प्लटिङ्ग सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्थित आधुनिक शहर निर्माणको आधार तयार पारिने छ ।

१९१. शारदा नगरपालिका भित्र उत्पादित कृषि खेतीयोग्य भूमीमा आधुनिक उपकरण प्रयोग, जग्गा प्लटिङ्ग कार्यलाई निरुत्साहित पारिदै लगिने छ ।

१९२. अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको उचित व्यवस्थापन गरिनेछ ।

१९३. मानव जीवन तथा उपभोक्तासंग प्रत्यक्ष सरोकार राख्ने औषधी पसल, मासु पसल, पशुपंछी तथा विषादी वेचविखन गर्ने पसलहरुको अनुगमन नियमन गरि कानुनी दायरामा ल्याइनेछ ।

१९४. बाह्रै महिना विभिन्न बस्तीहरुमा हरियाली छाउन डालेघास, फलफुलका विरुवाहरुको वृक्षारोपण कार्यमा जोड दिईनेछ ।

१९५. शारदा नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गा वा अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको लगत संकलन गरी वृक्षारोपण कार्य गरिने छ ।

१९६. वन सम्बन्धी कार्यको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने र वन सुशासन कायम गरिनेछ ।

१९७. सामुदायिक वनसंगको साझेदारीमा टिमुर खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१९८. सडक, नदी किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी घरधनीले वार्षिकरुपमा कम्तीमा एक विरुवारोपण कार्यलाई प्रवर्द्धन गर्दै शारदा हरियाली कार्यक्रम सञ्चालन गरिनेछ ।

१९९. कुहिने र नकुहिने फोहरमैलाको वर्गीकरण गरि उचित व्यवस्थापनको कार्यलाई निरन्तता दिइने छ।

२००. विभिन्न वडाहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई निरन्तता दिइने छ।

२०१. फोहरमैला वर्गीकरण सहितको फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।

२०२. फोहरमैला न्यूनीकरण गर्न कपडाको झोला प्रयोगमा ल्याउने कार्यलाई प्रोत्साहन गरिनेछ।

"Green Sharada, Clean Sharada"

२०३. बजार क्षेत्रमा हरित सहर निर्माण कार्यलाई निरन्तता दिइने छ ।

२०४. नियमित बजार क्षेत्र सफा, सुन्दर र सरसफाईको कार्यलाई निरन्तता दिइने छ ।

२०५. Green Sharada, Clean Sharada को नारा साकार पार्न सृजनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

## सार्वजनिक सेवा र सुशासन तर्फः

२०६. शारदा नगरपालिकाको (Local Government Self-Assessment LISA, Fiducial Risk Assessment FRA, Local Economic Development LED, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्यांकन) मा देखिएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

२०७. प्रत्येक शाखा तथा वडा कार्यालयबाट सम्पादित कामकारबाही र प्रवाह गरिएका सेवाहरुको मासिक, त्रैमासिक, अर्धबार्षिक तथा वार्षिक विवरणहरुलाई अनलाईन मार्फत संग्रह तथा प्रतिवेदन गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।

२०८. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई सरल, सहज र पुहँचयोग्य बनाउन घुम्ती सेवा, प्रत्यक्ष भेटघाट तथा घरदैलो कार्यक्रम समेत संचालन गरिनेछ।

२०९. कार्यालयमा जनसम्पर्क ईकाई, नागरिक सहायता कक्ष, अपांगता सहायता कक्ष, स्तनपान कक्ष र बाल शयन कक्ष स्थापना गरिनेछ ।

२१०. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मूल्याङ्कन, नागरिक सन्तुष्टी सर्वेक्षण लगाएतका मूल्याङ्कनका विधि मार्फत सेवा प्रवाहको मूल्यांकन गरी प्राप्त सुझावका आधारमा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

२११. आवश्यकताको पहिचान तथा स्रोतको सुनिश्चितता गरेर मात्र कर्मचारी भर्ना तथा छनौट गरिनेछ ।

२१२. विद्युतीय हाजिरीलाई मातहतका सबै कार्यालय तथा विद्यालयहरुमा समेत विस्तार गरि नियमित रुपमा विदा र काज लगायतका विवरण अध्यावधिक गरिनेछ ।

२१३. राजश्व संकलन तथा परिचालन व्यवस्थापन सूचना प्रणाली (SUTRA revenue Module ), व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) लगाएत अन्य सूचना प्रविधि संग सम्बन्धित विविध विषयमा वडा सचिव लगायत अन्य कर्मचारीहरुलाई पुनर्ताजगी तथा क्षमता विकास सम्वन्धी तालिम संचालन गरिनेछ।

२१४. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई विद्यमान कानूनी व्यवस्था सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

२१५. कर्णाली प्रदेशको स्थानीय सेवा गठन तथा संचालन ऐन,२०८१ को दफा ६५ को उपदफा ३ र ४ तथा नियमावली, २०८१ को नियम ५५ को नियम १ र २ बमोजिमको कोष व्यवस्था गरिनेछ ।

२१६. हिउँदे तथा वर्षे नगरसभाको अवसरमा शारदा नगरपालिका भित्र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीको उचित मूल्याङ्कन गरी पुरस्कार तथा सम्मान प्रदान गरिनेछ

२१७. कार्यालय समय बाहेक अतिरिक्त समयमा काम गरेबापत कर्मचारीलाई थप सेवा सुविधा प्रदान गरिनेछ।

२१८. कर्मचारीको मनोबल तथा उत्प्रेरणा बढाउनको लागि स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ११५को उपदफा १(ज) तथा नियमावली को नियम ९६ बमोजिमको विदा दिइने छ ।

२१९. "विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा" भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रही नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइने छ ।

२२०. न्यायिक समितिको काममा चुस्त, दुरुस्तता, गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायिक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरिनेछ ।

२२१. न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि क्षमता अभिवद्धि कार्यक्रमको व्यवस्था गरिने छ।

२२२. नगरस्तरमा नगर प्रहरीको परिचालन मार्फत नगरपालिकामा उचित सुरक्षा प्रबन्ध, बजार व्यवस्थापन, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा आवश्यक सहायता कार्यक्रम अन्य सुरक्षा निकायसँगको समन्वयमा कार्यान्वयन गरिनेछ।

२२३. करार सेवामा रहेका कर्मचारीहरुको संख्या कटौती र सुविधा वृद्धि र क्षमता वृद्धिको नीति लिईनेछ।

२२४. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सुशासन प्रवर्द्घनका औजारहरुको प्रयोगलाई निरन्तरता दिइनेछ।

२२५. नगरपालिका स्थापना दिवसलाई नगरबासीको उत्सवको रुपमा मनाइनेछ।

२२६. नगरपालिकाले प्रदान गर्ने सेवामा First come First Service को नीतिलाई अवलम्बन गरिनेछ।

२२७. करदाता शिक्षा,राजश्व शिविर सञ्चालन तथा बजार अनुगमन कार्यलाई नियमित सञ्चालन गरिनेछ।

२२८. जनप्रतिनिधि तथा कर्मचारीहरुको वैदेशिक भ्रमण काजबाट पालिकालाई संस्थागत रुपमा फाइदा हुने कार्यक्रमलाई प्रवर्द्धन गरिने छ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

२२९. नगरवासीको सूचनाको हक सुनिश्चित गर्दै कर्णाली प्रदेशमै पहिलो सूचनामैत्री पालिका शारदा नगरपालिकालाई बनाउने उद्देश्यले मूख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board तथा GIS Map को व्यवस्था गरिनेछ।

२३०. सबै वडा र नगरपालिका क्षेत्रभित्र ईन्टरनेटको सेवालाई प्रभावकारी बनाइनेछ।

२३१. कार्यालय तथा वडास्तरमा रहेको डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) लाई थप व्यवस्थित प्रभावकारी बनाइनेछ।

२३२. नगरपालिकाबाट हुने गतिविधिलाई कानुन बमोजिम वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२३३. नगरपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट, सामाजिक संजाल, डिजिटल बोर्ड आदिमार्फत जानकारी गराइनेछ।

२३४. आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामुलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ। एवम् नगरवासीलाई अधिकतम सूचना दिने ध्ययकासाथ जडान गरिएको टोल फ्रि नम्बरलाई निरन्तरता दिइने छ।

२३५. आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर नगरपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policy अवलम्वन गरिनेछ।

२३६. व्यवसाय दर्ता तथा नवीकरण वडा कार्यालयबाट गर्ने व्यवस्था गरिनेछ।

२३७. राजश्व सम्बन्धी जनचेतना अभिवृद्धिको लागि स्थानीय संञ्चार माध्यम मार्फत व्यापक प्रचार प्रसार गरिनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाईनेछ।

२३८. आन्तरिक राजस्वका स्रोत पहिचान गरी तिनलाई परिचालन गरिनेछ।

२३९. आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श समितिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२४०. समयमै कर तिर्ने करदाता, बढी कर तिर्ने करदाता र राजश्व बढाउन सहयोग गर्ने करदातालाई सम्मान गर्ने नीति अंगीकार गरिनेछ।

२४१. ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोत कानुन बमोजिम संकलन गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गरी नियमित रुपमा अनुगमन गरिनेछ ।

२४२. Digital Display Board लाई आम्दानीको स्रोतका रुपमा विकास गर्न सूचना  विज्ञापन प्रशारणको लागि प्रयोगमा ल्याइने छ एवंम होर्डीङ्ग बोर्डलाई करको दायरामा ल्याइने छ ।

२४३. प्राकृतिक स्रोत बिक्री सम्बन्धी कानून तर्जुमा गरी राजस्व परिचालनलाई व्यवस्थित बनाइनेछ ।

२४४. करदाताहरूलाई मोटामोटी कर दायित्व र समयसीमा जानकारी दिने प्रणालीको विकास गरिनेछ।

२४५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री र करदातामैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

२४६. घरबाटै राजस्व दाखिला गर्न सकिने अनलाइन सेवालाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

२४७. भूमि र सम्पत्ति करलाई वैज्ञानिक बनाउँदै राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) प्रयोगमा ल्याइनेछ ।

२४८. भुक्तानी प्रणालीलाई पूर्णरुपमा EFT पद्धतिमा लगिनेछ ।

२४९. भुक्तानी प्रणालीलाई सहज र सरल बनाउन वडा तहबाट नै कागजातको चेकजाँच गर्ने, उपभोक्ता समितिलाई अभिमुखीकरण गर्ने तथा विद्यमान खरिद कानूनका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२५०. बेरुजु व्यवस्थापनलाई सहयोग पुग्ने गरि आन्तरिक लेखा परीक्षण कार्यलाई वस्तुनिष्ठ बनाइने छ ।

२५१. लेखांकन पद्दती र बेरुजु व्यवस्थापनका सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

२५२. आगामी आर्थिक वर्षमा शून्य बेरुजुको नीति अपनाउदै आ.व.२०७४।०७५ साल देखि हालसम्मको बेरुजु व्यवस्थापनका सन्दर्भमा महालेखा परीक्षकको कार्यालयसंग निरन्तर समन्वय र सहकार्य गरिने छ ।

२५३. कार्यक्रम तथा आयोजनाको खर्च लेखन पूर्व (Pre Audit) पूर्व लेखापरीक्षणको व्यवस्था मिलाइने छ ।

२५४. हाल सम्मको बेरुजु फर्छयौटका लागि विध्यमान जनशक्तिको अभावमा कम्तिमा अधिकृतस्तरबाट सेवा निवृत्त जनशक्ति थप गर्ने व्यवस्था मिलाइने छ ।

२५५. आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन मार्फत नगरपालिकाको समग्र सेवा प्रवाह, विकास निर्माण तथा सुशासन प्रवर्द्धनलाई विश्वसनीय, भरपर्दो, छरितो र नागरिकमैत्री बनाइनेछ ।

**प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु**

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले ‘‘सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी’’ नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सबैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम शारदाको विकासमा कोशेढुंगा साबित हुनेछ । शारदा नगरपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने  प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथिज्यूहरु, नगरउप्रमुख ज्यू, बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानीय सामाजिक संघ संस्था लगायत आम नगरवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद !<br>
जय नेपाल !!<br>
जय शारदा !!!

प्रकाश भण्डारी<br>
नगर प्रमुख<br>
शारदा नगरपालिका<br>
खलंगा, सल्यान